# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

## खण्ड (३) चितवन, श्रावण ०२, २०७६ साल अंक ३

## भाग ३

खैरहनी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ |

संवत् २०७६ को कार्यविधि नं. ३

**बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका –२०७६**

कार्यपालिकाबाट पारित मिति २०७६/०३/०१

पृष्ठभूमी :

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

पूर्वि चितवनमा रहेका कालीका, खैरहनी, रत्ननगर र राप्ती नगरपालिकाले यस क्षेत्रमा आगलागी नियन्त्रणको लागि आवश्यक यन्त्र, उपकरणको व्यवस्था गरी तिनीहरुको परिचालन गर्दै यस क्षेत्रमा सेवा प्रदान गर्नुपर्ने आवश्यकता महशुस गरी त्यस्ता यन्त्र उपकरण र सो को सञ्चालनको लागि लाग्ने जनशक्तिको व्यवस्थापनमा नगरपालिका, निजी क्षेत्र तथा नागरिक समाज समेतको सहभागिता सुनिश्चित गरी बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनलाई भरपर्दो र विश्वनिय बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम चारवटै नगरपालिकाको निर्देशक समितिको बैठकले **बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका – २०७६** तर्जुमा गरेको छ ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम **"बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७६"** रहेको छ ।

(२) यो निर्देशिका प्रत्येक नगरपालिकाले आ-आफ्नो कार्यपालिकाबाट अनुमोदन गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी प्रारम्भ हुनेछ ।

**२.** **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(१) **"नगरसभा"** भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठीत कालीका, खैरहनी, रत्ननगर र राप्ती नगरपालिकाको नगरसभालाई सम्भन्नु पर्दछ ।

(२) **"नगरपालिका"** भन्नाले पूर्वि चितवनमा रहेका कालीका, खैरहनी, रत्ननगर र राप्ती नगरपालिकालाई सम्भन्नु पर्दछ ।

(३) **"कार्यपालिका"** भन्नाले पूर्वि चितवनमा रहेका कालीका, खैरहनी, रत्ननगर र राप्ती नगरपालिकाका कार्यपालिकालाई सम्भन्नु पर्दछ ।

(४) **"निर्देशिका"** भन्नाले बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७६ लाई सम्भन्नु पर्दछ ।

(५) **"निर्देशक समिति"** भन्नले दफा ५ बमोजिम गठित समितिलाई सम्भन्नु पर्दछ ।

(६) **"सञ्चालन तथा व्यवस्थापन उप-समिति"** भन्नाले यस निर्देशिकाको दफा ७(२) बमोजिम गठित उप-समितिलाई सम्भन्नु पर्दछ ।

(७) **"प्रमुख"** भन्नाले पूर्वि चितवनमा रहेका कालीका, खैरहनी, रत्ननगर र राप्ती नगरपालिकाको नगर प्रमुखलाई सम्भन्नु पर्दछ ।

(८) **"उप प्रमुख"** भन्नाले पूर्वि चितवनमा रहेका कालीका, खैरहनी, रत्ननगर र राप्ती नगरपालिकाको उप प्रमुखलाई सम्भन्नु पर्दछ ।

(९) **"प्रमुख' प्रशासकीय अधिकृत"** भन्नाले पूर्वि चितवनमा रहेका कालीका, खैरहनी, रत्ननगर र राप्ती नगरपालिकाको कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्भन्नु पर्दछ ।

**३.** **निर्देशिकाको उद्देश्य :** यस दिर्नेशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ,

(क) बारुणयन्त्र सञ्चालन कार्यलाई जिम्मवारपूर्ण, विश्वसनीय र भरपर्दो बनाउने,

(ख) बारुणयन्त्रको सञ्चालनको लागि नगरपालिका र सम्बन्धित सबैको सहयोग, सहकार्य, तथा लगानी ( श्रोत तथा खर्च व्यवस्थापन) लाई सहज तुल्याउने ।

(ग) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्र तथा समुदायको सहभागिता अभिवृद्धि गर्ने ।

**४.** **कार्यक्षेत्र :** आवश्यक परेको बखतमा आगलागी नियन्त्रण, बारुणयन्त्रको व्यवस्थापन, सञ्चालन, मर्मत संभार गर्ने कार्यसम्म मात्र यस निर्देशिकाको कार्यक्षेत्र हुनेछ ।

**५.** **निर्देशक समिति सम्बन्धी व्यवस्था :** (१) चारवटै नगरपालिकाका देहाय बमोजिमका पदाधिकारीहरु रहेको एक निर्देशक समिति रहनेछ ।

(क) नगर प्रमुख – चार जना

(ख) नगर उपप्रमुख – चार जना

(ग) प्रमुख प्रशासकीय अधिकृतहरु – चार जना

(२) निर्देशक समितिमा आवश्यकता अनुसार अन्य पदाधिकारी तथा कर्मचारी आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) नगर प्रमुखहरुले आफूहरु मध्येबाट आपसी सहमतीमा समितिको अध्यक्ष छान्नेछन ।

(५) समितिको अध्यक्षले तोकेको प्रमुख प्रशासकीय अधिकृतले सचिवको काम गर्नेछ ।

६. **निर्देशक समितिको काम कतर्व्य र अधिकार :** समितिले बारुणयन्त्र सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नीतिगत निर्णयहरु गर्ने, सञ्चालन तथा व्यवस्थापन उप-समितिलाई आवश्यक निर्देशन दिने, निर्देशिकामा संशोधन गर्नु परेमा आवश्यक संशोधन गरी सिफारिश गर्ने, बारुणयन्त्र सेवा सञ्चालन तथा व्यवस्थापन उप-समितिको परामर्शमा वार्षिक कार्यक्रम तयार गरी स्वीकृत गर्ने कार्य गर्नेछ ।

७. **बारुणयन्त्र सेवा सञ्चालन तथा व्यवस्थापन :** (१) खैरहनी नगरपालिकाबाट बारुणयन्त्र सेवा सञ्चालन तथा व्यवस्थापन गरिनेछ । त्यस्तो सेवा संघिय तथा प्रदेश सरकारबाट उपलब्ध गराएर, नगरपालिकाको बार्षिक कार्यक्रम भित्र समावेश गरी खरिद गरेर, छिमेकी मित्र राष्ट्र एवं अन्य देश तथा अन्तराष्ट्रिय संघ संस्थाहरुबाट थप सहायता स्वरुप प्राप्त गरेर, वा अन्य कुनै तरिकाबाट बारुणयन्त्र प्राप्त गरी सेवा सञ्चालन गरिनेछ ।

(२) आगलागी नियन्त्रणको लागि बारुणयन्त्रको व्यवस्थित, विश्वसनीय र प्रभावकारी प्रयोगको व्यवस्था मिलाउन देहाय बमोजिमको सञ्चालन तथा व्यवस्थापन उप-समिति गठन गरिनेछ ।

(क) निर्देशक समितिले तोकेको कुनै एक नगरपालिकाको नगरसभा सदस्य मध्ये १ जना – संयोजक

(ख) निर्देशक समितिले तोकेको नगरसभा सदस्य ३ जना – सदस्य

(ग) संयोजकले तोकेको कुनै एक नगरपालिकाको विपद् व्यवस्थापन शाखा प्रमुख –सदस्य सचिव

(३) उप-समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । उप-समितिले आवश्यक ठानेमा बैठकमा अन्य पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) उप-समितिले बारुणयन्त्र सेवा सञ्चालनलाई प्रभावकारी बनाउन आवश्यक एवं उपयुक्त देखेमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वा अन्य सरकारी निकाय वा संघ संस्थासंग समझदारी (MOU) गरी सेवा सञ्चालनलाई व्यवस्थित गराउन सक्नेछ ।

(५) बारुणयन्त्र सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

(६) बारुणयन्त्र सेवा सञ्चालन तथा व्यवस्थापन गर्ने सिलसिलामा सञ्चालन तथा व्यवस्थापन उप-समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ,

(क) बारुणयन्त्र सेवा सञ्चालन तथा व्यवस्थापनको लागि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्न नगरपालिकालाई सहयोग गर्ने,

(ख) बारुणयन्त्र सञ्चालनको लागि नगरपालिका र अन्य निकाय तथा निजी क्षेत्रसंग समन्वय गरी श्रोत व्यवस्थापन गर्ने,

(ग) बारुणयन्त्रको प्रयोग र परिचालनलाई प्रभावकारी बनाउन समय समयमा पूर्व प्राविधिक परीक्षण गराउने,

(घ) बारुणयन्त्रको प्रयोग आगलागी नियन्त्रण कार्यको लागि मात्र गर्ने,

(ङ) बारुणयन्त्र सञ्चालनको लागि सुरक्षाको आवश्यकता महशुस भएमा सुरक्षा निकायसंग समन्वय गर्ने,

(च) बारुणयन्त्र उपलब्ध गराउँदा पुऱ्याउनु पर्ने कार्यविधि निर्धारण गर्ने,

८. **जनशक्ति सम्बन्धी व्यवस्था तथा सेवा सुविधा :** (१) बारुणयन्त्र सञ्चालनको लागि कम्तीमा देहाय बमोजिमका जनशक्तिहरु रहने गरी निर्देशक समितिले निर्धारण गर्नेछ ।

(क) बारुणयन्त्र चालक – २ जना

(ख) फायरम्यान – २ जना

(२) कार्यबोझको आधारमा उपदफा (१) बमोजिमको जनशक्ति अपुग हुने भएमा दफा ७ को उपदफा (२) बमोजिमको समितिको सिफारिशमा निर्देशक समितिले आवश्यकताका आधारमा जनशक्ति थप गर्न सक्नेछ ।

(३) जनशक्तिको कार्य समयको व्यवस्थापन गर्दा संघिय श्रम ऐनको व्यवस्था अनुसार आठ घण्टा बराबरको सिफट् कायम गरी काममा लगाईने छ ।

(४) जनशक्ति अभावको कारण आठ घण्टा भन्दा बढी समय काममा लगाउनु परेमा अतिरिक्त सुविधा उपलब्ध गराउन सकिनेछ ।

(५) उपदफा (४) बमोजिम उपलब्ध गराईने थप सुविधा निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
(६) जनशक्ति व्यवस्थापन समय तालिका तयार गर्दा कुनै पनि समय खाली नरहने गरी जनशक्ति व्यवस्थापन गर्नु पर्नेछ ।
(७) बारुणयन्त्र सञ्चालनमा संलग्न जनशक्तिको पारिश्रमीक तथा सुविधा नेपाल सरकारले सोही तहको कर्मचारीलाई तोके बमोजिम हुनेछ ।
(८) बारुणयन्त्र सञ्चालनको लागि तोकिएको जनशक्तिलाई निज कामको लागि तोकिएको समयावधी भित्र अन्य काममा लगाउन पाईने छैन ।
उप दफा (८) मा उल्लेख भएको व्यवस्थाले बारुणयन्त्र सञ्चालनको काममा नलगाईको अवस्थामा कार्यालयको अन्य काममा लगाउन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

९. **सरोकारवाला निकायको भूमिका :** (१) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन गर्ने शिलसिलामा सरोकारवाला निकायहरुको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।
(क) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक सहयोग समन्वय तथा सहकार्य गर्नु पर्नेछ ।
(ख) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा ईलाका प्रहरी कार्यालयले नगरपालिकाको माग बमोजिम आवश्यक सुरक्षा र समन्वयको प्रबन्ध मिलाउनु पर्नेछ ।
(ग) सञ्चालन तथा व्यवस्थापन उप समितिको सिफारिशमा उद्योग बाणिज्य संघ, उद्योग संघ लगायत निजी क्षेत्रका संघ संस्थाहरुसंग समन्वय तथा सहकार्य गर्दै आर्थिक सहयोग जुटाउनुको साथै नागरिक समाजको सहयोगको प्रबन्ध गर्नु पर्नेछ ।

१०. **कोष व्यवस्थापन :** (१) खैरहनी नगरपालिका अन्तरगत बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कोष रहनेछ । त्यस्तो कोषमा तत्काल कार्य सञ्चालनको लागि निर्देशक समितिले निर्णय गरे बमोजिम सबै नगरपालिकाले समान किसिमले रकम जम्मा गर्नेछन् । निर्देशक समितिले निर्णय गरी जम्मा गरेको रकम बाहेक उक्त कोषमा बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि उपलब्ध हुने देहाय बमोजिमको रकम जम्मा हुनेछ ।
(क) संघिय सरकारबाट उपलब्ध हुने अनुदान रकम ।
(ख) प्रदेश सरकारबाट उपलब्ध हुने अनुदान रकम ।
(ग) नगरपालिकाबाट बिनियोजन हुने रकम ।
(घ) स्थानीय तथा छिमेकी उद्योग बाणिज्य संघ, उद्योग संघले उपलब्ध गराएको सहयोग रकम ।
(ङ) विभिन्न गैर सरकारी संघ संस्थाहरुबाट प्राप्त सहयोग रकम ।
(च) नागरिक समाज, स्थानीय विभिन्न संघ संस्था तथा व्यक्ति बिशेषले सहयोग स्वरुप जम्मा गरेको रकम ।
(छ) दफा १३ बमोजिमको जरिवाना वापतको रकम ।
(२) कोषको सञ्चालन तथा लेखा व्यवस्थापन देहाय बमोजिम हुनेछ ।
(क) कोषको नाममा एउटा छुट्टै बैङ्क खाता सञ्चालन गरिनेछ ।
(ख) उक्त बैङ्क खाता खैरहनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा प्रमुख वा निजले तोकेको लेखाको कुनै कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।
(ग) कोषको आम्दानी तथा खर्च लेखा व्यवस्थापन प्रचलीत कानून बमोजिम हुनेछ ।
(घ) कोषमा जम्मा रहेको रकम फ्रिज हुने छैन । एक आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहेको रकम अर्को आर्थिक वर्षमा खर्च गर्न सकिनेछ ।
(ङ) लागत साझेदारीमा कोषबाट देहायका शिर्षकका रकमहरु खर्च गर्न सकिनेछ,
(१) बारुणयन्त्र सञ्चालनको लागि आवश्यक ईन्धन खर्च,
(२) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि खटिएका कर्मचारीको तलब, भत्ता, पोशाक भत्ता, चाडबाड खर्च, दैनिक भ्रमण भत्ता, अन्य सुविधा जस्ता खर्च,
(३) बारुणयन्त्र मर्मत संभार गर्दा लाग्ने खर्च,
(४) आगलागी नियन्त्रण गर्न आवश्यक पर्ने विभिन्न उपकरणहरु खरिदको खर्च,



खैरहनी नगरपालिकाको स्थानीय राजपत्र

(५) जनशक्तिलाई क्षमता विकासको लागि दिईने तालिममा सहभागी हुन पठाउँदा नियमानुसार लाग्ने दैनिक भ्रमण भत्ता रकम,

(६) जनशक्तिलाई क्षमता विकासको लागि दिईने तालिमका प्रशिक्षकलाई प्रदान गरिने पारिश्रमीक रकम,

(७) जनशक्तिको बिमा प्रिमियम वापतको रकम,

(८) बारुणयन्त्र सञ्चालनको क्रममा जनशक्ति घाईते भई उपचार गराउनु पर्दा विमा वापतको रकमले नपुग हुने भएमा सो वापतको रकम,

(९) बारुणयन्त्र सञ्चालन कक्षमा राखिने टेलीफोन जडान महशुल, मासिक महशुल, लगायत सो कक्षमा आवश्यक वस्तुको लागि लाग्ने रकम ।

(१०) बारुणयन्त्र सञ्चालन सम्बन्धी अन्य खर्चहरु ।

**११. जनशक्ति व्यवस्थापन :** (१) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि नगरपालिकाले आवश्यक जनशक्तिको व्यवस्था गर्नेछ,

(२) बारुणयन्त्र सञ्चालनको लागि कार्यरत जनशक्तिको क्षमता विकास एवं क्षमता अभिवृद्धि गर्न नियमीत प्रशिक्षण, अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाउनु पर्नेछ । यसरी कार्यक्रम सञ्चालन गर्दा अन्य स्थानीय तह तथा छिमेकी नगरपालिकासंग सहकार्य गरेर पनि सञ्चालन गर्न सकिनेछ ।

(३) आगलागी नियन्त्रणका लागि बारुणयन्त्र सञ्चालनमा कार्यरत जनशक्तिको सुरक्षालाई मध्यनजर गरी प्रति कर्मचारी पाँचलाख सम्मको दुर्घटना बिमा गर्न सकिनेछ ।

(४) नगरपालिकामा बारुणयन्त्र सञ्चालनको लागि जनशक्ति भर्ना गर्दा नगरपालिकालाई दीर्घकालीन दायित्व सिर्जना नहुने गरी सेवा करार गरी लिनु पर्नेछ ।

(५) बारुणयन्त्र तर्फ कार्यरत जनशक्तिलाई दिने सेवा सुविधा सेवा करारमा लिदाको समयमा गरेको करारनामामा तोके बमोजिम हुनेछ ।

(६) बारुणयन्त्र तर्फ कार्यरत जनशक्तिको काम गर्ने समय नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(७) बारुणयन्त्र अत्यावश्यक सेवा भित्र पर्ने भएको र बारुणयन्त्र सञ्चालनको लागि प्राविधिक जनशक्तिको आवश्यकता हुने भएकोले जनशक्तिको व्यवस्थापन गर्दा न्यूनतम जनशक्तिको व्यवस्था गरी व्यवस्थापन गरिनेछ ।

(८) आगलागी नियन्त्रणको कार्य ज्यादै नै सम्वेदनसिल भएकोले बारुणयन्त्र तर्फ कार्यरत जनशक्तिको कतर्व्य पालना तथा अनुशासनलाई पनि बिषेश ध्यान दिनु पर्ने हुन्छ । कार्यरत जनशक्तिले अनुशासनको पालना नगरेको, आफ्नो कतर्व्य पालना नगरेको वा सरकारी सम्पति हानी नोक्सानी गरेको पाईएमा संक्षिप्त कार्यविधि अबलम्वन गरी कसुरको मात्रा अनुसार सेवाबाट बर्खास्त गर्नेसम्मको कारबाही नगरपालिकाले तत्काल गर्नेछ ।

**१२. लागत सामझेदारी सम्बन्धी व्यवस्था :** (१) चारवटै नगरपालिकाले संयुक्त रुपमा खरिद गरेको बारुणयन्त्र सञ्चालन व्यवस्थापनको जिम्मा खैरहनी नगरपालिकालाई दिनेछन ।

(२) सञ्चालन तथा व्यवस्थापनको लागि कोषबाट खर्च हुने रकममा साझेदार नगरपालिकाहरुबाट समान लागत साझेदारी हुनेछ ।

(३) सञ्चालन तथा व्यवस्थापन उप-समितिको परामर्शमा तयार गरी निर्देशक समितिबाट स्वीकृत वार्षिक कार्यक्रममा नगरपालिकाले आवश्यक बजेटको व्यवस्था मिलाउनु पर्नेछ ।

**१३. दण्ड सजाँय सम्बन्धी व्यवस्था :** (१) आगलागी भएको भनी गलत सूचना दिने व्यक्तिलाई सञ्चालन तथा व्यवस्थापन उप-समितिको सिफारिशमा सम्बन्धित नगरपालिकाले दुई हजार देखी पाँच हजार सम्म जरिवाना गर्नेछ ।

(२) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यमा अवरोध पुऱ्याउने व्यक्तिलाई सञ्चालन तथा व्यवस्थापन उप-समितिको सिफारिशमा सम्बन्धित नगरपालिकाले एक हजार देखी तिन हजारसम्म जरिवाना गर्नेछ ।

(३) बारुणयन्त्र सञ्चालनको क्रममा कसैले बारुणयन्त्रमा क्षती पुऱ्याएमा सञ्चालन तथा व्यवस्थापन उप-समितिको सिफारिशमा सम्बन्धित नगरपालिकाले दश हजार रुपैया जरिवाना गरी भएको क्षतीको क्षतीपूर्ति सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुलउपर गर्नेछ ।

**१४. लेखापरीक्षण** : बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कोषको आन्तरीक लेखा परीक्षणखर्च तथा लेखा राख्ने नगरपालिकाको आन्तरीक लेखापरीक्षण शाखाबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट

हुनेछ। नगरपालिकामा आन्तरीक लेखापरीक्षण शाखा स्थापना नहुँदा सम्म आन्तरीक लेखापरीक्षणको कार्य कोष तथा लेखा नियन्त्रण कार्यालयबाट गर्न सकिनेछ।

१५. **समिक्षा एवं प्रगती प्रतिवेदन :** सञ्चालन तथा व्यवस्थापन उप-समितिले बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापको समीक्षा एवं प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्नेछ भने निर्देशक समितिले नगरपालिका समक्ष पेश गर्नेछ।

१६. **निर्देशिकामा संशोधन :** यस निर्देशिकामा संशोधन गर्नु परेमा दफा ५ बमोजिमको निर्देशक समितिले आवश्यकता अनुसार संशोधनको निर्णय गरेमा तत् तत् नगरपालिकाको कार्यपालिकाले अनुमोदन गरेपछि निर्देशिकामा संशोधन हुनेछ।

१७. **प्रचलित कानून बमोजिम हुने :** यस निर्देशिकामा उल्लेख भएका बिषयमा यसै निर्देशिका बमोजिम र उल्लेख नभएका बिषयमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

१८. **यसै निर्देशिका बमोजिम भएको मानिने :** यस कार्यविधि पारीत हुनु भन्दा अगावै आपसी सहमतीमा खैरहनी नगरपालिकाले बारुणयन्त्र सञ्चालनको लागि सेवा करारमा राख्न गरेको कार्यलाई यसै निर्देशिका बमोजिम भएको मानिने छ।

१९. **बाधा अडकाउ फुकाउने** : यस निर्देशिका बमोजिम कार्य सञ्चालन गर्ने सिलसिलामा कुनै बाधा अडकाउ पर्न आएमा निर्देशक समितिले निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ।

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र